# प्रेस विज्ञप्ति

माननीय रक्षामन्त्री डा.मीनेन्द्र रिजालसँग मिति २०७८/०७/२९ तदनुसार November 15, 2021 का दिन दक्षिण कोरियाका महामहिम राजदूत Mr.PARK Chong-suk ले रक्षा मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेटघाट गर्नुभयो। प्रारम्भमा मा.रक्षामन्त्रीज्यूले महामहिम राजदूत Mr.PARK Chong-suk लाई स्वागत गर्नुको साथै नेपाल र कोरियाबीचको द्विपक्षीय सम्बन्ध थप सुदृढ बनाउन वहाँको महत्त्वपूर्ण भूमिकाको प्रशंसा गर्नुभयो ।

उक्त भेटघाटको अवसरमा माननीय मन्त्रीज्यू र महामहिम राजदूतबीच नेपाल र कोरियाको द्विपक्षीय सम्बन्ध, आर्थिक सम्बन्ध र विकास सहयोगका विषयमा दुबै राष्ट्रले एक अर्कालाई पुऱ्याएको सहयोगका विषयमा छलफल भएको थियो । सो अवसरमा माननीय मन्त्रीज्यूले आगामी December 7-8, 2021 मा 4th Peacekeeping Ministerial आयोजना गरिएकोमा कोरियन सरकारलाई धन्यवाद दिंदै नेपालको तर्फबाट आफ्नो नेतृत्वमा ३ सदस्यीय प्रतिनिधि मण्डलले सो Ministerial मा सहभागी हुन लागेको व्यहोरा जानकारी गराउँदै सो अवसरमा कोरिया भ्रमणको निमित्त आफू प्रतिक्षारत रहेको कुरा जानकारी गराउनुभयो । साथै, माननीय मन्त्रीज्यूले Peacekeeping Operation मा नेपाल Second Largest Troops Contributing Country रहेको, हाल ५२१९ जना नेपाली सेनाका विभिन्न पदाधिकारीहरू १२ वटा Peacekeeping Mission's मा कार्यरत रहेको व्यहोरा जानकारी गराउँदै नेपालले कम्तीमा १० हजारको संख्यामा Peacekeeping Troops पठाउन इच्छुक तथा सक्षम रहेको व्यहोरा जानकारी गराउन भयो । यसरी Peacekeeping Operation मा Second Largest Troops Contributing Country भएतापनि व्यवस्थापकीय एवं नेतृत्वदायी पदमा नेपालले उचित हिस्सा प्राप्त गर्न नसकेकोले सोको निमित्त कोरियf सरकारका तर्फबाट समेत Lobbing को अपेक्षा गर्नुभयो । यसका साथै माननीय रक्षामन्त्रीज्यूले कोरिया र नेपालको बीचमा Trade Deficit रहेकोले सो Deficit घटाउन कोरियामा निर्यात हुनसक्ने सम्भावित नेपाली उत्पादनको पहिचान एवं निकासीका लागि सहजीकरणको समेत अपेक्षा गर्नुभयो । यसको अतिरिक्त EPS कोरिया मार्फत नेपाली कामदारहरू कोरिया जाने प्रक्रियामा केही समस्या आएको र भाषा परीक्षा उत्तीर्ण गरी कामको निमित्त कोरिया जान व्यग्रताका साथ प्रतिक्षा गरिरहेका नेपालीहरूको मनोभावनालाई ध्यानमा राखी आवश्यक सहजीकरणका निमित्त समेत महामहिम राजदूतको ध्यानाकर्षण गर्नुभयो ।

यसै अवसरमा महामहिम राजदूत Mr.PARK Chong-suk ले नेपाल र कोरियाबीच सहयोग आदान प्रदानका थुप्रै सम्भावनाहरू रहेको, कोरिया-नेपालबीचको व्यापार घाटा कम गर्न कोरिया निकासी हुनसक्ने सम्भावित नेपाली उत्पादनको पहिचान एवं निकासीका निम्ति आवश्यक सहजीकरण गर्न आफू तत्पर रहेको, सोको निमित्त आफूले नेपाली निजी क्षेत्रका संगठनहरूसँग आवश्यक छलफल समेत गरेको, साथै कोरियामा हुने Trade Fair हरूमा नेपालीहरूको सहभागिताले नेपाली उत्पादन कोरियन बजारमा विक्री वितरणको निमित्त ढोका खोल्ने हुँदा त्यसता Trade Fair हरूमा नेपाली व्यवसायीहरूको सहभागिताको आवश्यकता औंल्याउनु भयो। यसै अवसरमा सीप मेहनत र अनुशासनका कारण नेपाली कामदारहरूको कोरियामा अत्याधिक माग रहेको भएतापनि कोभिड-१९ को कारण कामदार पठाउने प्रक्रियामा केही ढिलाई भएको भएतापनि निकट भविष्यमै यो समस्या समाधान हुने खासगरी कोरिया नेपालको बीचमा सिधा हवाई उडान शुरु हुन लागेको र यस्ता हवाई उडान शुरु हुनासाथ उक्त प्रक्रिया सहज हुने विश्वास व्यक्त गर्नुभयो ।

अन्तमा माननीय मन्त्रीज्यूले कोरिया सरकारको तर्फबाट नेपाललाई उपलब्ध सबै प्रकारका सहयोगहरूका लागि धन्यवाद ज्ञापन गर्नुभयो । साथै, नेपाल सरकारले प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न आवश्यक नीतिगत एवं संस्थागत व्यवस्था गरेको हुँदा कोरियन लगानीकर्ताहरूका लागि नेपाल एक आकर्षक लगानी गन्तव्य हुनसक्ने विचार व्यक्त गर्नुभयो ।

अन्त्यमा महामहिम राजदूतले नेपालमा कोरियन लगानी बढाउन आफूले सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्दै यस शिष्टाचार भेटघाटका लागि माननीय मन्त्रीज्यूले उपलब्ध गराउनु भएको समयका लागि समेत धन्यवाद व्यक्त गर्नुभयो ।

रक्षा मन्त्रालय
सिंहदरबार
२०७८/०७/२९

नेपाल सरकार रक्षा मन्त्रालय सिंहदरबार

कृष्ण प्रसाद ज्ञवाली
सहसचिव एवं प्रवक्ता